समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

## इलाम

Green Ilam

पत्र संख्या: ०८२/८३

चलानी नः १७९२

**कोशी प्रदेश,नेपाल**

मितिः २०८२/११/१५

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा कोशी प्रदेश, इलाम, नेपाल

**श्री कक्षा ८ सञ्चालित सबै विद्यालयहरू,**
**इलाम नगरपालिका, इलाम ।**

**विषयः आधारभूत शिक्षा (कक्षा ८ ) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।**

प्रस्तुत विषयमा इलाम नगरपालिका नगर परीक्षा सञ्चालन तथा समन्वय समिति इलामको मिति २०८२/११/१५ गते बसेको बैठकको निर्णयानुसार २०८२ सालको **आधारभूत शिक्षा (कक्षा ८ ) परीक्षा** निम्न कार्यक्रम अनुसार सञ्चालन तथा व्यवस्थापन गरिने भएकोले सबै विद्यालयहरूले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

**तपसिल**

१. इलाम नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरूको तोकिएका परीक्षा केन्द्रहरूमा मिति **२०८२/१२/०६ गते बिहान ठिक ११:०० बजे**बाट देहायबमोजिमको परीक्षा तालिका अनुसार परीक्षा सञ्चालन गर्ने ।

| मिति | बार | साधारण शिक्षा तर्फका विषय | संस्कृत शिक्षा तर्फका विषय |
|---|---|---|---|
| २०८२।१२।०६ | शुक्रबार | नेपाली | नेपाली |
| २०८२।१२।०८ | आइतबार | गणित | गणित |
| २०८२।१२।०९ | सोमबार | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा |
| २०८२।१२।१० | मंगलबार | अंग्रेजी | अंग्रेजी |
| २०८२।१२।११ | बुधबार | स्वास्थ्य तथा शारीरिक शिक्षा र सृजनात्मक कला | संस्कृत व्याकरण |
| २०८२।१२।१२ | बिहिबार | विज्ञान तथा प्रविधि | संस्कृत भाषा |
| २०८२।१२।१५ | आइतबार | स्थानीय विषय | शुक्ल यजुर्वेद |

२. संस्थागत विद्यालयको हकमा प्रति विद्यार्थी रु २७५।– का दरले हुन आउने रकम **मिति २०८२/११/२८** गते भित्रमा इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय इलामको नाममा नेपाल बैंक लिमिटेड इलाम शाखामा रहेको खाता नं **०४००३००००१००१००००१ राजश्व शीर्षक नं १४२२४** परीक्षा शुल्क शीर्षकमा एकमुष्ट रकम जम्मा गरी सक्कल भौचर शाखामा पेश गर्नुपर्नेछ ।

३. २०८२ सालको कक्षा ८ को वार्षिक परीक्षामा सहभागी हुन २०८२/१२/३० सम्ममा **१२ वर्ष** उमेर पूरा भएको (**२०७० साल चैत्र मसान्तसम्मको जन्ममिति भएका**) हुनुपर्नेछ ।

४. विद्यार्थीको व्यक्तिगत विवरणका सम्बन्धमा सम्बन्धित विद्यालय नै जिम्मेवार हुने भएकोले विद्यार्थीको वास्तविक विवरण (जन्मदर्ता/विद्यालयको अभिलेखमा भएको विवरण) भन्दा फरक नपर्ने गरी तपसिलको प्रक्रियाबमोजिम सच्याउनु पर्नेछ ।

**प्रक्रिया**: श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको IEMIS Portal को वेभसाइट **emis.cehrd.gov.np** **- User Name (९ अंकको विद्यालय कोड) – Password – Type the character - Log in – Student Record – Student Information - Year (2082) - Class (8) – Load – Action - Edit** ( विद्यार्थीको नाम, थर, जन्ममिति, बुबाआमाको नाम थर, ठेगाना आदि विवरणमा सच्याउनु परेमा र फोटो अपलोड गर्न बाँकी भए गर्ने) – **Update** गर्ने ।

५. **Manage Exam – Control Sheet – Year (2082) – Class (8) – Load** गरेपछि कक्षा ८ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको नामनामेसी सहितको विवरण आउँछ । उक्त विवरणलाई Export गरी प्रिन्ट गरेर विवरण रूजु गर्ने ।

२०८२।११।१५

समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

## इलाम

पत्र संख्या: ०८२/८३

चलानी नः १७९२

कोशी प्रदेश,नेपाल

६. रूजु भइसकेपछि सबै विवरण ठीक भएको यकिन भएपश्चात् **Manage Exam – Application Form – Year (2082) – Class (8) – Load** गरेपछि कक्षा ८ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको **Application Form Display** हुन्छ। निलो बटनमा रहेको Application Form मा **Click** गरी प्रत्येक विद्यार्थीको फारम रुजु गरेर प्रिन्ट गर्न सकिन्छ र हरियो बटनमा रहेको Print All मा **Click** गरी सबै विद्यार्थीको एकै पटकमा प्रिन्ट गर्न सकिन्छ।

७. प्रिन्ट भएको फारमको प्रति पटक पटक रुजु गरी विद्यार्थीको, अभिभावकको र प्रधानाध्यापकको हस्ताक्षर र विद्यालयको छाप लगाई जन्मदर्ताको प्रतिलिपि/जन्ममिति खुल्ने विद्यालयको अभिलेख सहित **मिति २०८२/११/२८** भित्र शाखामा पेश गर्ने।

८. त्यस पश्चात् **Manage Exam – Admit Card – Year (2082) – Class (8) – Load** गरेपछि कक्षा ८ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको नामसहितको विवरण Display हुन्छ। १ नं मा रहेको विद्यार्थीको देब्रेपट्टि रहेको निलो बटनको Add Symbol No. मा **Click** गर्ने र आएको **Dialog Box** मा पहिलो सिम्बोल नं (२ अंकको साल, २ अंकको शाखाले उपलब्ध गराएको विद्यालय कोड र ३ अंकको पहिलो नं ००१) राख्ने र Assign मा **Click** गर्ने। जस्तै आदर्श माध्यमिक विद्यालयको लागि पहिलो विद्यार्थीको सिम्बोल नं 8201001 हुन्छ। (जहाँ 82 साल, 01 विद्यालय कोड र 001 पहिलो नं हो।) अब सबै विद्यार्थीको लागि सिम्बोल नं कायम गर्न **Symbol Number** सँगै रहेको निलो बटन Generate Symbol Number मा **Click** गर्ने। **याद राख्नुहोस् तपाईले सिम्बोल नं कायम गरिसके पछि कुनै पनि विद्यार्थीको विवरण सच्याउन पाउनु हुने छैन त्यसैले सिम्बोल नं कायम गर्नु अघि विद्यार्थीको विवरण पटक पटक रुजु गर्ने।**

९. निलो बटनमा रहेको Admit Card मा **Click** गरी प्रत्येक विद्यार्थीको विवरण रुजु गरेर प्रिन्ट गर्न सकिन्छ र हरियो बटनमा रहेको Print All मा **Click** गरी सबै विद्यार्थीको एकैपटकमा प्रिन्ट गर्न सकिन्छ।

१०. हरेक विद्यार्थीको २ प्रति प्रिन्ट गरी पटक पटक रुजु गरी विद्यार्थीको र प्रधानाध्यापकको हस्ताक्षर र विद्यालयको छाप लगाई **Application Form** सँगै **मिति २०८२/११/२८** भित्र शाखामा पेश गर्ने।

११. त्यस पश्चात् **Manage Exam – Marks Entry (8) Final – Year (2082) – Load** गरेपछि आन्तरिक मूल्याङ्कनको अंक प्रविष्टिका लागि कक्षा ८ मा अध्यापन भएका विषयहरू र अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको नामसहितको विवरण **Display** हुन्छ। **All** मा **Tick** गरी सबै विषयको पालैपालो अंक प्रविष्टि गर्न सकिन्छ। कुनै एक विषयको मात्र अंक प्रविष्टि गर्ने हो भने विषयगत रुपमा **Tick** गर्नुपर्छ। कुनै विद्यार्थी सबै विषयको परीक्षामा अनुपस्थित छ भने उसको नाम अगाडि रहेको ☐ मा भएको **Tick** हटाइदिने, यदि कुनै विषयमा मात्रै अनुपस्थित रहेछ भने **Symbol Number** सँगै रहेको **Is Absent** मा **Tick** गर्ने। अब क्रमशः विषयगत रुपमा अंक प्रविष्टि गरी **Save** गर्ने। विद्यालयले सबै विद्यार्थीको आन्तिरक मूल्याङ्कनको अंक **मिति २०८२/१२/०३** गतेसम्ममा प्रविष्टि गरिसक्नु पर्नेछ।

१२. परीक्षा केन्द्र र परीक्षा सम्बन्धी थप जानकारी पछि प्रकाशन गरिनेछ।

२०८२।११।१४
राधिका घिमिरे
शाखा अधिकृत
(अधिकृत स्तर आठौं)

**बोधार्थः**

श्री प्रमुख ज्यू, प्रमुखको सचिवालय, इलाम नगरपालिका, इलाम।

श्री उपप्रमुख ज्यू, उपप्रमुखको सचिवालय, इलाम नगरपालिका, इलाम।

श्री सबै वडा कार्यालयहरू, इलाम नगरपालिका, इलाम – जानकारीको लागि।

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।

**Grade 8 School Code No**

| S.N | School Name | Code |
|---|---|---|
| 1 | Adarsha Secondary School | 01 |
| 2 | Amar Secondary School | 02 |
| 3 | Amarjyoti Basic School | 03 |
| 4 | Ashadeep English Boarding School | 04 |
| 6 | Balkanya Secondary School | 05 |
| 7 | Balmandal Secondary School | 06 |
| 8 | Balmiki Singh Devi Basic School | 07 |
| 9 | Barbote Basic School | 08 |
| 5 | B.B. Memorial English Boarding School | 10 |
| 10 | Bhagawati Secondary School | 11 |
| 11 | Binapani Secondary School | 12 |
| 12 | Golden Future English Boarding School | 13 |
| 13 | Green Valley Academy | 14 |
| 14 | Harihar Memorial English school | 15 |
| 15 | Heritage National Academy | 16 |
| 16 | Ilam Sagarmatha English School | 17 |
| 17 | Indreni English Boarding School | 19 |
| 18 | Janakalyan Basic School | 20 |
| 19 | Janata Basic School | 21 |
| 20 | Jubilant Elite Academy | 22 |
| 21 | Jyoti Sadan Boarding School | 23 |
| 22 | Jyoti Vidya Mandir | 24 |
| 23 | Mahamai Basic School | 25 |
| 24 | Maheshwara Basic School | 26 |
| 25 | Montessori Secondary School | 27 |
| 26 | Mount Mechi Boarding School | 28 |
| 27 | Mount Merry English School | 29 |
| 28 | Nanda Secondary School | 30 |
| 29 | Nepaltar Secondary School | 31 |
| 30 | Prajna Sadan Secondary English School | 32 |
| 31 | Purna Smarak Secondary School | 33 |
| 32 | Ratna Laxmi Basic School | 34 |
| 33 | Ratna Mai Vidhya Mandir | 35 |
| 34 | Rhododendron Ilam Barbote Boarding School | 36 |
| 38 | Shakhejung Green Hill Academy | 37 |
| 35 | Samata School Ilam | 38 |
| 36 | Sangrumba Secondary School | 39 |
| 37 | Saptamai Gurukul Sanskrit Bidhyashram Secondary School | 40 |
| 39 | Sharada Secondary School | 41 |
| 40 | Siddheswari Basic School | 42 |
| 41 | Sumbek Secondary School | 43 |
| 42 | Sumbek Star English Boarding School | 44 |
| 43 | Sunakhari English Boarding School | 45 |
| 44 | Heliosis English Boarding School | 46 |